"सबैका लागि समान मानवअधिकार र आत्मसम्मान : हाम्रो साझा अभियान"

# समग्र जन-उत्थान केन्द्र

## All People's Development Center (APEC)

जि.प्र.का.लहान द.नं.७१/०५१ | स.क.प.द.नं. १३६५० | प्यान नं. ३०१७२९८६८

चलानी नं.: ९७-२०८३/८४

मिति: २०८३/०४/०४

**विषय: सुचना । सुचना ॥ सुचना ॥।**

प्लान ईन्टरनेशनल नेपाल र समग्र जन-उत्थान केन्द्र लहानको संयुक्त साझेदारी तथा यस गाउँपालिकाकाको समन्वयमा संचालित उज्जवल भविष्य परियोजना अर्न्तगत १८ देखी २४ वर्ष उमेर समुहका युवा महिला तथा पुरुषहरुलाई जीवन उप्योगी सीपका साथ-साथै रोजगार तथा स्वरोजगारको अवसर प्रदान गर्ने उद्देश्यले तपसिलमा उल्लेखित विषयमा सिपमुलक तालिम संचलान गरिने भएको हुँदा यस नगर/गाउँ पालिकाकामा स्थायी रुपमा बसोवास गर्ने युवा महिला तथा पुरुषहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले सिक्न चाहेको सिपमुलक तालिमको विषय उल्लेख गरि यस नगर/गाउँ पालिकाकाको रोजगार शाखामा निवेदन पेश गर्न हुन सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

**१. नेपालि नागरिकताको प्रमाण पत्रको प्रतिलिपि**

नोट : (१८ वर्ष पुगेका व्यक्तिसँग नागरिकता नभएको अवस्थामा तत्काल आफ्नो जन्मदर्ताको प्रतिलिपि पेश गर्ने र तालिममा सहभागि हुनु भन्दा पहिले नागरिकताको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने )

**२. तोकिएको ढाँचा अनुसारको दरखास्त फाराम**

यस वर्ष अर्नमा तथा औरही गाउँपालिकाबाट २५-२५ जना गरि जम्मा ५० जना सहभागीहरु ( ७० % युवा महिला तथा ३० % पुरुष) छनौट गरी निम्न विषयवस्तुमा तालिम प्रदान गरिनेछ। अर्नमा २५ जना, औरही २५ जना

**तालिमको प्रकृति :**

- छोटो अवधीको तालिम : ६ दिन देखि १ महिना सम्म (तालिमको आवश्यक्ता अनुसार)
- लामो अवधीको तालिम : ३९० घण्टा वा सि.टिईभि.टि ले तोकेको मापदण्ड बमोजिम वा उद्योग तथा बजार माग अनुसार पनि हुनेछ

यस अन्तर्गत छनौट भएका सहभागीहरुले निम्न तालिमहरु प्राप्त गर्नेछन्।

- रोजगारमूलक तालिम ( बजारको मागको आधारित)
- स्वरोजगारमूलक तालिम ( बजारको मागको आधारित )
- उद्योगमा आधारित तालिम (कारखानामै गएर सिक्ने र कमाउने तालिम)

Lahan Municipality-6, Radhakrishna Chowk (Nayabazar) Siraha
samagra.rights@gmail.com
www.samagranepal.org, www.radiosamagra.org
033-563012

CamScanner

*नोट : लैगिक तथा यौनिक अल्पसंख्य, विपन्न समुह वर्ग वा जाति र पछाडि पारिएका वर्ग, बाल वा छिटो विवाहको जोखिममा रहेका, विद्यालय छोडेका, लैगिंक हिसाको जोखिममा रहेका, सामाजिक मुल्यमान्यताले भेदभावमा परेका, वैदेशिक रोजगारीबाट आएका, अपांगता भएका, लैगिंक तथा यौनिक अल्पसंख्यक युवाहरु विशेष गरी ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुष लाई प्राथमिक्ता दिइनेछ ।*

दरखास्त पेश गर्नु पर्ने स्थान

नगर/गाउं कार्य पालिकाकाको कार्यालय अर्न्तगतको रोजगार शाखा

*राम भरोसी महतो*

*अध्यक्ष*

*समग्र जन उत्थान केन्द्र, लहान-८,सिराहा*

Lahan Municipality-6, Radhakrishna Chowk (Nayabazar) Siraha
samagra.rights@gmail.com
www.samagranepal.org, www.radiosamagra.org
033-563012

CamScanner

# उज्जवल भविष्य परियोजना

सिपमुलक तालिमको लागि पेश गर्नु पर्ने दरखास्त फारामको नमुना

१. नामथर: .................................................. २. स्थायी ठेगाना: ..........................................

३. बुवाको नाम: ........................................ ४ घरमुलीको नाम .........................................

४. परिवारको मुख्य पेशा: कृषि ( ), पशुपालन ( ), व्यापार ( ), नोकरी ( ) जम्मा परिवार संख्या:

५. परिवारको जीविकोपार्जनको लागि मुख्य जिम्मेवार व्यक्ति: ..............................

६. जातजाती विवरण : ब्राहमण/क्षेत्री ( )दलित ( )जनजाती ( )अल्पसंख्यक ( )लिंग: महिला( )पुरुष( ) अन्य( )

७. जन्ममिति: ................................. ८. नागरिकता नं.................................

९. वैवाहिक विवरण : विवाहित हो ( ) होईन ( ) विवाहित हो भने बच्चा पाएको छ ( ) छैन ( )

१०. शैक्षिक योग्यता: साधारण लेखपढ ( ) आधारभुत तह ( ) माध्यामिक तह ( ) उच्च तह ( ) अध्ययनरत हो भने पढ्दै गरेको कक्षा उल्लेख गर्ने: ........

११. तपाई स्वयम अपांगता भएको व्यक्ति: हो ( ) होइन ( ) हो भने कस्तो प्रकारको अपांगता हो उल्लेख गर्नहोस ........................

१२. तपाईको परिवारको कुनै सदस्यमा अपांगता भएको व्यक्ति हुनु हुन्छ ? हुनु हुन्छ भने नाता खुलाउनु होस .....................

१३. तपाईको परिवारमा स्पोन्सर बालवालिका छ ? छ भने नाम र स्पोन्सर आइडी उल्लेख गर्नुहोस : .............

१४. तपाई वैदेशिक रोजगारबाट फर्कनु भएको हो ? हो ( ) होइन ( )

१५. तपाई कुन प्रकारको तालिम लिन चाहनु हुन्छ ? रोजगारमुलक ( ) स्वरोजगारमुलक ( )

१६.सिक्न चाहेको तामिमको सम्भावित विषयमा चिन्ह लगाउनुहोस् । **कुनै ३ वटा**

क) ए.सी/कुलर रिपेयरिङ्ग
ख) मोवाइल रिपेयरिङ्ग
ग) कृषि आधुनिकिकरण सम्वन्धि तालिम (मल बनाउने, माटो सुधार, माटो परीक्षण, झोलमल, गड्यौला मल, पोषण वगैचा)
घ) इलेक्ट्रीसियन तालिम
ङ) प्लम्वर तालिम
च) सिलाइकटाई
छ) व्युटिपार्लर

CamScanner

ज) हार्पिक, फिनेल, सर्फ, साबुन बनाउने तालिम

झ) कम्प्युटर मर्मत तालिम

ञ) ड्राइभिङ्ग ( स्कारपियो, डोजर, टिपर, सिटि)

ट) स्टील फिकचर तथा वेलडिङ्ग

ठ) फास्ट फूड ( चटपटे, मम, चाउमिन, पानीपूरी, अण्डा)

ड) राजमिस्त्री,

च) सिकर्मी ( फनिर्चर)

छ) अटोमोबाइल मेकेनिक्स

**नोट : माथि उल्लेखित तालिमको विषयहरु बजारको माग अनुसार परिवर्तन पनि हुन सक्नेछ ।**

निवेदकको

नाम/थर : ................................

दस्तखत : ................................

मिति : ................................